NEPALI


# आल्फ प्रोएसेन



# पाठो जसले
# दस सम्म
# गन्न सक्थ्यो


भिभियन साल्फ
ओल्सेनद्वारा व्याख्याक्रित






एकादेशमा एउटा सानो पाथो थियो जसले दस सम्म गन्न सिकेको थियो।
जब उ एउटा पोखरीतिर आइपुग्यो, उ सिधा उभियो र पानीमा भएको
आफ्नो छायामा हेर्यो,
र अब कस्तो भयो तिमीले सुन्नु पर्छ: <<एक,>> पाठोले भन्यो।




त्यो चाँही नजिकै गैरहेको र चरिरहेको एउटा बाछ्छाले सुन्यो।

<<तिमी यहाँ के गरिरहेको?>> बाछ्छाले भन्यो।

<<म आफुलाई गन्ती गरिराखेको छु,>> पाठोले भन्यो। <<के म तिमीलाई पनि गन्ती गरौ?>>

<<यदि त्यसले केहिगरि चोटपटक लाग्दैन भने,>> बाछ्छाले भन्यो।


<<बिल्कुल चोटपटक लाग्दैन, शान्तसँग बस, अनि म तिमीलाई गन्छु।>>



<<नाई, म आँट गर्दिन, शायद मेरी आमाले मलाई झतै अनुमती दिन्न होली,>> बाछ्छाले भन्यो

र आफुलाई अझै पर तान्यो। तर पाठोले पछ्छ्यायो र त्यसपछि उसले भन्यो:

<<म एक हो, र तिमी दुई हो, १ - २।>>



<<आ-मा!>> बाछछा करायो र रुन थाल्यो,  र त्यसपछि बाछछाको आमा आइपुग्यो र त्यो मैदानको सबैभन्दा उत्कृष्ट घन्टी झुन्ड्याइएको गाई थियो।

<<तिमी के को लागि कराएको हो?>> ... भन्यो।

<<पाठोले मलाई गन्यो!>> बाछछाले भन्यो।

<<त्यो चाँही के हो नि?>> ... भन्यो।


<<मैले गन्ती गरिराखेको छु,>> पाठोले भन्यो।

<<मैले दस सम्म गन्ती गर्न सिकेको छु, म यसो मात्र गर्छु:
म एक हुँ र बाछछा दुई हो र गाई तीन हो, १ - २ - ३।>>


<<ओहो, अब त उसले तपाईंलाई पनि गन्ती गऱ्यो!>> बाछछा करायो।

र जब घन्टी झुन्ड्याइएको गाईले यो थाहा पायो, उनी भयानक तरिकाले रिसायो।


<<मेरो बाछछा र मलाई जिस्क्याउने तिमीलाई मैले सबक सिकाउनै पर्छ! आउ मेरो बाछछा, हामी उसलाई पक्रन्छौं।>>



र घन्टी झुन्याइएको गाई र बाछ्छा दुबैजनाले सिधै पाठोलाई सिङले हिर्कायो, र ऊ यति डरायो की ऊ पुरै हावा माथि उफ्रियो र गाई र बाछ्छालाई पछाडि पारेर खेत पर पुग्यो।



पर कान्ला तिर गोरु उभिराखेको थियो,
र जब उसले पाठो, बाछ्छा र गाई सिधा आइराखेको देख्यो,
घासको ठुलो झारहरुलाई आफ्नो सिङ्ले हान्यो।





<<तिमिहरुले त्यो फिस्ते पाठोलाई किन लखेतेको?>> गोरुले सोध्यो।

<<उसले हामीलाई गन्ती गर्छ,>> बाछ्छा करायो।

<<तर हामीले उसलाई पक्रनु पर्छ,>> गाईले भन्यो।

<<म एक हुँ र बाछ्छा दुई र गाई तीन र गोरु चार,

१ - २ - ३ - ४,>> पाठोले भन्यो।

<<ल, अब त उसले तपाईंलाई पनि गन्यो,>> बाछ्छा करायो।


<<भन्न देउ न उसलाई,>> गोरु गर्जियो र पाठोलाई पक्रन

अरुको साथमा सामेल भए।





बाटो पर तिर एउटा घोडा चरिराखेको थियो
जब सबै जनवरहरु हतार हतार त्यता तिर आए।





<<तिमिहरु त एकदम दौडिरहेका छौ,>> घोडाले भन्यो।

<<हामीले पाठोलाई पक्रनु छ,>> गाइले भन्यो।

<<उसले हामीलाई गन्छ,>> बाछ्छाले भन्यो।

<<र उसलाई यो अनुमती छैन,>> गोरु गर्जियो।

<<उसले यो कसरी गर्दो रहेछ?>> घोडाले भन्यो।

<<मैले मात्र यसरी गर्छु,>> पाठोले भन्यो।

<<एक मेरो लागि र दुई बाछ्छाको लागि
र तीन गाइको लागि र चार गोरुको लागि र
पाच घोडाको लागि, १ - २ - ३ - ४ - ५।>>

<<ल! अब उसले तपाईंलाई पनि गन्ती गर्‍यो!>> बाछ्छा करायो।

<<तँलाई पख्लास, तातेपाते!>> घोडा कुर्लिन्छ
र पाठोलाई पक्रन अरु संगै बाटो पारी दौडन्छ।




सुङुर खोरमा एउटा सुङुर पाल्तेर सुतिराखेको थियो जब उनिहरु त्यतातिर बाट लखेतिराखेको थियो।

<<तपाईंहरु त धेरै रफ्तारमा पो हुनुहुन्छ त,>> सुङुरले भन्यो।

<<हामीले पाठोलाई पक्रनु छ,>> गाइले भन्यो।

<<उसले हामीलाई गन्ती गर्छ,>> गाई करायो।

<<र उसलाई यसो गर्न अनुमती छैन,>> गोरु गर्जियो।





<<उसलाई मात्र पर्ख न,>> घोडा कुर्लियो।

<गर्छ चाँही के उसले जब ऊ गन्ती गर्छ?>> सुङ्गुरले सोध्यो।

<<म मात्र यति गर्छु,>> पाठोले भन्यो। <<एक मेरो लागि र दुई बाछ्छाको लागि, तीन गाइको लागि, चार गोरुको लागि, पाच घोडाको लागि, छ सुङ्गुरको लागि। १ - २ - ३ - ४ - ५ - छ।>>

<<ल! अब उसले तपाईंलाई पनि गन्ती गर्‍यो,>> बाछ्छा चिच्यायो।

<<उसलाई पक्कै नरामो हुन्छ,>> सुङ्गुरले भन्यो र आफ्नो मुखले खोरको


एउटा फल्याक फुताल्छ र अरु संगै पछि दौदन्छ।






तिनिहरु काठको मुदाहरु, ढुङ्गा, पर्खाल माथि भएर गयो, र तिनिहरु
एउटा नदी छेउ आइपुग्यो, र पुलको छेउमा एउटा डुंगा थियो,
र डुंगामा एउटा बिरालो र एउटा कुकुर र एउटा भेडा र एउटा भाले थियो।






बिरालो भान्छे थियो
भेडा डुंगाको रेखदेख गर्ने कर्मचारी थियो।
भाले डुंगाको चालक थियो।
र कुकुर समुद्रको मार्गदर्शक थियो।

<<झत्त रोक!>> भाले बास्यो जब
उसले सबै जनावरहरु हस्याङ्
र फस्याङ् गर्दै बाटो पर
तिर आइराखेको देख्यो।
तर त्यो ढिलो भैसकेको थियो।
पाठोले पुल तिर कुनामा
एक चक्कर लगायो र अरु
सबै जनावरको साथमा डुंगामा
हाम्फाल्यो र धुवाको मुस्लो
देख्यो र डुंगा नदीबाट
बिस्तारै चल्न थाल्यो।





तर भाले भयभित भए।


<<आउ, बचाउ,>> भाले बास्यो। <<दुङा दुब्यो!>>

अब चाँही सबै जनावरहरु भयभित हुन थाले,


त्यही बेला भाले फेरी बासे:

<<यहा तपाईंहरु कोही छ जसले गन्ती गर्न सक्छ?>>

<<म सक्छु!>> पाठोले भन्यो।



<<ल तपाईंले हामी डुंगामा जम्मा कति जना छौं
छिटो गन्ती गर्नु पर्‍यो। डुंगाले जम्मा दसजना
मात्र यात्रीहरु लिन सक्छ।>>
<<ल छिटो गन्ती गर्नु!>> अरु जनवरहरुले पनि भने।



र पाठोले गने।

<<एक मेरो लागि,
दुई बाछ्छाको लागि,
तीन गाइको लागि,
चार गोरुको लागि,
पाच घोडाको लागि,
छ सुङ्गुरको लागि,
सात बिरालोको लागि,
आठ कुकुरको लागि,
नौ भेडाको लागि,
दस भालेको लागि।

१ - २ - ३ - ४ - ५ - छ - 6 - ८ - ९ - १०।>>





<<पाठोको जय होस्!>>
सबै जनवरहरु कराए र
तिनिहरु नदीको अर्को तिर तरेर
गए र जमिनमा गए।
तर पाठो चाँही डुंगामै गन्ने
कर्मचारीकै रुपमा रहे। र
भालेले हरेक पल्ट नदीबाट
यात्रा गराउनु पर्दा,
पाठोले ढोका छेउ उभिएर
दस सम्म गन्छ।

